# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ

## सडक निर्माण/स्तरोन्नति तथा विद्युत विस्तार कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०९/२६ गते

यस नगरपालिका अर्न्तगत आ.ब. ०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका सडक निर्माण/स्तरोन्नति तथा विद्युत विस्तार गर्ने कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म तथा कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१.बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायी/फर्म/कम्पनीबाट चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७३।७४ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न गरी रू.१०। को टिकट टाँसी,बोलपत्र फारमको आवश्यक राजश्व दस्तुर रू ३०००।०० (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयवाट प्राप्त गर्न सकिने छ ।

२. शिलबन्दी बोलपत्र साथ रतुवामाई नगरपालिका, सिजुवाको नाममा **मेगा बैक, सिजुवा** शाखामा रहेको धरौटी खाता न. ००८००१००८९७५१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक बाट रतुवामाई नगरपालिका, मोरंगको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरूको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।

३. बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले छाप र दस्तखत गरी मिति २०७५।१०।२७ गते आईतवार दिनको १२:०० बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ।

४.बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरूको रोहवरमा मिति २०७५।१०।२७ गते आईतवार बोलपत्र फाराममा उल्लेख भएको समयमा यस कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको मिति र समयमा बोलपत्र खोलिने छ । बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा सो कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. यस कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित प्रत्येक कार्यको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र भरी प्रति इकाइ दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।

६. म्याद नाघि आएको वा रित नपुगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

८. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित स्थानीय तह कानून बमोजिम हुनेछ ।

९. बोलपत्र सम्बन्धी विवरणमा संशोधन गर्नुपर्ने भएमा संशोधन सम्बन्धी जानकारी यस कार्यालयको सुचना पाटीमा टास गरिनेछ ।

मदन घिमिरे
प्रमुख प्रशासकिय अधिकृत